# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, फागुन ७ गते २०४९ साल (अतिरिक्ताङ्क ५९


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा विक्रम सम्वत् २०४९ फागुन ७ गते बक्सेको सन्देश

प्यारा देशवासीहरू,

१. राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा पूज्य जिज्यूबुवाज्यू स्वर्गीय श्री ५ त्रिभुवन र वीर शहीदहरूप्रति श्रद्धान्जली अर्पण गर्दछौं । देशका सपूतहरूको गहन योगदानबाट आएको प्रजातन्त्रलाई सफल र सुदृढ पार्ने प्रयासमा यो दिवसले प्रेरणा दिन्छ ।

२. बहुदलीय प्रजातन्त्रको सुदृढीकरण तथा जनताको हित नै हाम्रो चाहना रहिआएको छ । प्रजातन्त्रको मूल्य र मान्यताका साथै संवैधानिक प्रावधानप्रति निष्ठा राखी तिनलाई व्यवहारमा समेत उतार्न आज पनि उत्तिकै आवश्यक छ ।

३. राष्ट्रको स्वतन्त्र प्रतिष्ठालाई उच्च राख्दै देश विकासको कार्यमा सबै नेपाली अग्रसर हुँदै जान सकून्-आजको दिनमा हाम्रो यही शुभकामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

५१३१


मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

9932

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।